७. समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य सचिवद्वारा प्रमाण्ति गरिनेछ ।

८.समितिको बैठक तथा संचाल खर्च नगरपालिकाको नियमानुसार हुनेछ ।

९.बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

१०.समितिको बैठकमा आवश्यकतानुसार विषयसंग सम्बन्धित व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ।

**८. उप समिति वा कार्यटोली गठन गर्न सकिने**

(१)स्थानीय समितिले आफुले गर्नुपर्ने काम सुचारु रुपले संचालन गर्नको लागि बाल विशेषज्ञ, बाल मनोविज्ञ, समाजसेवी, सामाजिक कार्यकर्ता, बाल संरक्षण कार्यकर्ता, शिक्षक, चिकित्सक, बाल क्लबका प्रतिनिधि सामाजिक परिचालक तथा बाल अधिकारकर्मीहरु मध्ये आवश्यकतानुसार समावेश हुने गरी निश्चित अवधिका लागि बढीमा ३ सदस्यीय उप समिति वा कार्यटोली गठन गरि परिचालन गर्न सक्नेछ ।

(२) उपदफा १ बमोजिम गठन हुने उप समिति वा कार्यटोलीको काम ,कर्तव्य र अधिकार कार्यप्रकृति अनुसार काममा खटिए वा काम गरेवाफत वा टोली सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा तथा अन्य कार्यविधि नगरपालिकाको प्रचलित नियमानुसार समितिले तोकीदिए बबमोजिम हुनेछ ।

**९ स्थानीय बाल अधिकार समितिलाई अंग्रेजीमा Local Child Right Board भनिनेछ ।**

**१०.** यस स्थानीय बाल अधिकार समिति गठन तथा संचालन कार्यविधि २०७८ मा भएका व्यवस्थाहरु बालबालिका सम्बन्धि ऐन २०७५ र अन्य कुनै प्रचलित कानुनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७८/१२/१४

आज्ञाले
गणेश दत्त मिश्र
प्रमुख प्रशासकीय अधिकृत



# स्थानीय राजपत्र

**दोधारा चाँदनी नगरपालिकाद्वारा प्रकाशित**

खण्ड : ६, संख्या : २, कार्तिक ०२ गते, २०७९ साल

**भाग-२**

स्थानीय बाल अधिकार समिति गठन तथा संचालन कार्यविधि २०७८

**प्रस्तावना :**

बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ६० को उपदफा ३ बमोजिम बाल अधिकारको संरक्षण र सम्बर्धनका लागि बाच्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४, को दफा १०२ को अधिकार प्रयोग गरि दोधारा चाँदनी नगरपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

परिच्छेद १

**१.प्रारम्भिक**

१) **संक्षिप्त नाम र प्रारम्भ** :१)यस कार्यविधिको नाम दोधारा चाँदनी नगरपालिकामा स्थानीय बाल अधिकार समिति गठन तथा संचालन कार्यविधि २०७८रहेको छ ।

२) यो कार्यविधि स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२.परिभाषा** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,-

(क) **ऐन** भन्नाले बालबालिका सम्बन्धि ऐन २०७५ सम्भ्कनुपर्दछ ।

ख) **मन्त्रालय** भन्नाले नेपाल सरकारको महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय सभ्कनुपर्दछ ।

ग) **प्रदेश मन्त्रालय** भन्नाले सुदुरपश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालय सम्भ्कनुपर्दछ ।

घ) **नगरपालिका** भन्नाले दोधारा चाँदनी नगरपालिकालाई कार्यालय सम्भ्कनु पर्छ ।

(ङ) **बालकल्याण अधिकारी** भन्नाले बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ६० को उपदफा (१) बमोजिम नियुक्त भएको वा तोकिएको अधिकारी सम्भ्कनुपर्दछ ।

(च) समिति भन्नाले बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ६० को उपदफा (२) तथा यस कार्यविधिको दफा ३ तथा ५ बमोजिम स्थानीय बालअधिकार समिति सम्भ्कनुपर्दछ ।

छ) स्थानीय बाल अधिकार समिति भन्नाले नगर बाल अधिकार समिति र वडा बाल अधिकार समिति सम्भ्कनुपर्दछ ।

**परिच्छेद .२**

**३. नगर बाल अधिकार समितिको गठन** :(१) बालबालिकाको हक अधिकारको संरक्षण र सम्बर्धन गर्न नगरपालिकामा देहाय बमोजिमको नगर बाल अधिकार समिति रहनेछ ।

(क) उप प्रमुख वा उप प्रमुखले तोकेको कार्यपालिका सदस्य –अध्यक्ष



४) बाल अधिकारको क्षेत्रमा स्थानीय संघ संस्थालाई कार्य गर्न उत्प्रेरित गर्ने

५) जोखिममा परेका बालबालिकाको तत्काल उद्धारका लागि स्थानीय बाल अधिकार समिति र सम्बन्धित निकायसंग समन्वय गर्ने ।

६. वडा भित्र बाल अधिकार हनन भएका घटनाका सम्बन्धमा सम्बन्धित निकायसंग समन्वयकारी भूमिका निर्वाह गर्ने ।

७. आवश्यकतानुसार बालबालिकाको निमित्त आकस्मिक सहयोगको व्यवस्था मिलाउने

८.बाल अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनका लागि वकालत गर्ने ,वडा समितिलाई बाल अधिकारको क्षेत्रमा काम गर्न हौसला दिने ।

९. वडा भित्रका बालबालिका सम्बन्धिमा भए गरेका कार्यक्रमहरुको अनुगमन गर्ने प्रतिवेदन तयार गर्ने र नगर बाल अधिकार समिति समक्ष पठाउने ।

१०) तोकिएका अन्य कार्यहरु गर्ने, गराउने ।

**७.नगर र वडा बाल अधिकार समितिको बैठक सम्बन्धि कार्यविधि :**

नगर बाल अधिकार समिति तथा वडा बाल अधिकार समितिको बैठक सम्बन्धि कायविधि देहाय बमोजिम निर्धारण गरिएको छ ।

१. समतिको बैठक वर्षमा चार पटक अध्यक्षले तोकेको मिति,समय र स्थानमा बस्नेछ ।

२. अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउनेछ ।

३.सदस्य सचिवले समितिको बैठक बस्ने सुचना सोही बैठकमा छलफल हुने विषयहरुको सुची सहित ३ दिन अगाडी समितिका सदस्यहरुलाई उपलब्ध गराउनुपर्नेछ ।

४.समितिमा तत्काल रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समतिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

५. समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफुमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

६. बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्ने हुनेछ ।मत बराबर भएका बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

९) उपलब्ध श्रोत साधनलाई मध्यनजर गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएको छ छैन ।

१०) बाल संरक्षण मापदण्ड निर्माण गरि लागुगरिएको छ ,छैन ।

द) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

**(२) नगर बाल अधिकार समितिले** उपदफा (१) बमोजिम आफुलाई प्राप्त गर्ने अधिकार मध्ये केही अधिकार आवश्यकतानुसार बालकल्याण अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**५. वडा बाल अधिकार समितिको गठन** :नगरपालिकामा प्रत्येक वडा भित्र देहाय बमोजिमको वडा बाल अधिकार समिति रहनेछ ।

१. वडाध्यक्ष वा अध्यक्षले तोकेको वडा सदस्य : अध्यक्ष

२. वडा महिला सदस्य : सदस्य

३. वडा भित्र स्वास्थ्य संस्था प्रमुख वा प्रतिनिधि सदस्य

४. वडा भित्रका सामुदायिक वा संस्थागत विद्यालयहरु मध्येबाट वडा अध्यक्षले तोकेको १ जना प्र.अ. सदस्य

५. बालबालिकाको क्षेत्रमा क्रियाशिल वडा भित्रका गैसस मध्येबाट अध्यक्षले तोकेको प्रतिनिधि सदस्य

६. महिला संस्था वा वडा महिला संजाल प्रतिनिधि : सदस्य

७. बडा बालक्लब वा बाल संजाल प्रतिनिधि सदस्य

८. बाल अधिकारको क्षेत्रमा कार्यानुभवभएको वडाध्यक्षले तोकेको व्यक्ति सदस्य

९. वडा सचिव सदस्य सचिव

**६. वडा बाल अधिकार समितिको काम ,कर्तव्य र अधिकार :**

**१**)बाल अधिकारको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान ,योजना तर्जुमा गर्ने र कार्याक्रम कार्यान्वयन गर्ने ,गराउने

२) वडा भित्र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्यांक संकलन गर्ने, अद्यावधिक गर्ने र नगर बाल अधिकार समिति समक्ष पठाउने ।

३) वडा भित्रका बालबालिकाहरुका क्षेत्रमा कार्यरत संघ संस्था ,बालक्लब लगायत सरोकारवालाहरु विच आवश्यक समन्वय सहकार्य गरी बाल अधिकार सम्बन्धि संरक्षणत्मक र सम्बर्द्धनात्मक कार्यहरु गर्ने र गराउने ।



(ख) नगर प्रमुख र उप प्रमुखले तोकेको महिला वडा सदस्य सहित २ जना वडा सदस्य –सदस्य

ग) शिक्षा शाखा प्रमुख –सदस्य

घ) स्वास्थ्य शाखा प्रमुख –सदस्य

ङ) नगर प्रमुखले तोकेको १ जना चिकित्सक –सदस्य

च) नगर भित्रको प्रहरी कार्यालय प्रमुख –सदस्य

छ) उप प्रमुखले तोकेको माध्यामिक विद्यालयको प्रधानाध्यापक वा शिक्षक १ जना : –सदस्य

ज) बाल अधिकारको क्षेत्रमा कार्यानुभव भएका व्यक्ति मध्ये नगर प्रमुख र उप प्रमुखले मनोनयन गरेका २ जना व्यक्ति –सदस्य

झ) महिला संस्थाका प्रतिनिधि /नगर महिला संजालको प्रतिनिधि १ जना –सदस्य

ञ) बाल अधिकारको क्षेत्रमा क्रियाशिल गै.स.स प्रतिनिधि १ जना –सदस्य

ट) बाल मनोविज्ञ १ जना –सदस्य

ठ) बाल न्यायको क्षेत्रमा कार्य गर्ने अधिवक्ता १ जना –सदस्य

ड) नगर स्तरीय बाल संजालको अध्यक्ष सहित २ जना (बालक र बालिका) –सदस्य

ढ) महिला ,बालबालिका तथा समावेशीकरण शाखा प्रमुख –सदस्य

ण) स्थानीय संचारकर्मी १ जना –सदस्य

त) बाल कल्याण अधिकारी/म.बा. तथा स.शाखा प्रमुख –सदस्य

(२) मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ र खण्ड (ज) बमोजिम सदस्यमा मनोनयन हुनको लागि भ्रष्टाचार, जबरजस्ती करणी, मानब बेचविखन तथा ओसारपसार, लागु औषध विक्रि वितरण तथा ओसारपसार, सम्पत्ति सुद्धीकरण, राहदानी दुरुपयोग, उपहरण सम्बन्धि कसुर, संगठित अपराध, बालबालिका विरुद्धको कसुर, बाल अधिकार हनन वा नैतिक पतन देखिने कसुरमा सजाय नपाएको व्यक्ति हुनु पर्नेछ ।

**४. नगर बाल अधिकार समितिको काम, कर्तव्य अधिकार : (१)** दफा ३ बमोजिम गठन हुने नगर बाल अधिकार समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ ।

क)समितिले दीर्घकालिन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने ।

ख) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्तिको लागि आवश्यक स्थानीय नीति, कानुन, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नगरपालिकालाई सुझाव दिने ,

ग) नगरपालिकामा संचालित बालबालिका सम्बन्धि कार्यक्रमको अनुगमन मुल्यांकन तथा समिक्षा गरी सुझाव दिने

घ) बाल अधिकार सम्बन्धि कार्यक्रम कार्यान्वयनको लागि नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह  र अन्य सरोकारवाला निकायहरुसंग समन्वय तथा सहकार्य गर्ने ।

ङ)नेपाल पक्ष रहेका बाल अधिकार सम्बन्धि अर्न्तराष्टिय, क्षेत्रीय सन्धीसंग सम्बन्धित स्थानीय तह स्तरीय आवधिक प्रतिवेदन तयार गर्न सहजीकरण गर्ने

च) नगरपालिका भित्र हुन सक्ने बाल विवाह, बाल श्रम, शारीरिक तथा मानसिक पीडा तथा बाल यौन दुर्व्यवहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण  तथा सडक बालबालिकाको उद्धार, पुनःस्थापना, संरक्षण र व्यवस्थापन र बालबालिका खोज तलाश नं. १०४ तथा बाल हेल्पलाईन नं. १०९८ (दश, नौ, आठ) नेपाल सञ्चालन सेवा अभिवृद्धी जस्ता कार्यमा समन्वय, सहयोग र सहजीकरण गर्ने ।

छ) बाल अधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धी गर्ने गराउने ।

ज) बालबालिका सम्बन्धि प्रतिवेदन तयार गरी मन्त्रालय, प्रदेश मन्त्रालय, राष्टिय बाल अधिकार परिषद् र सम्बन्धित निकायमाहरुमा पठाउने ।

झ) बालबालिका सम्बन्धि स्थानीय तथ्यांक संकलन, अभिलेखिकरण तथा सुचना प्रणालीको विकास, संचालन, व्यवस्थापन सुदृढीकरणमा सहयोग गर्ने ।

ञ)बाल संरक्षण तथा बाल अधिकार प्रवर्द्धनका लागि संचालन हुने राष्टिय एवं प्रादेशिक र नगरपालिकाको अभियानमा सहयोग गर्ने ।

ट) धर्मपुत्र धर्मपुत्री लिन दिन चाहने दम्पति तथा व्यक्तिलाई नगरपालिकामा सुचीकृत गरि आन्तरिक धर्मपुत्र, धर्मपुत्री लिने दिने कार्यलाई व्यवस्थि तगर्न सहजीकरण गर्ने ।



ठ) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र, धर्मपुत्री लिन दिन संरक्षक र माथवर नियुक्त गर्न अदालतलाई सहयोग गर्ने ,

ड) प्रचलित कानुन तथा मापदण्ड बमोजिम संचालन हुन नसकेका बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुर्न स्थापना केन्द्र  तथा सामाजिकीकरण केन्द्रहरुलाई सुधारका लागि निर्देशन दिने ।निर्देशन पालना नगरेमा बन्द तथा कारवाही गर्न सुझाव सहित सम्बन्धित निकायमा सिफारिस गर्ने ।

ढ)नगरपालिका भित्र सञ्चालित बाल गृह ,बाल सुधार गृह ,अस्थायी संरक्षण सेवा केन्द्र पुनस्थापना केन्द्र लगायतमा बालबालिकाको समग्र स्थिति रउपलब्ध सेवाको गुणस्तर तथा प्रभाककारिता सम्बन्धमा  देहायको बुदाहरुमा अनुगमन टोली ,समिति गठन गरि अनुगमन गर्ने गराउने ।

१) बालबालिकाको बैयक्तिक विवरण अद्यावधिक गरिराखेको छ छैन ?

२) बालबालिकालाइए नियमित रुपमा शिक्षा तालिम प्रदान गरिएको छ, छैन ।

३) बाल क्लब गठन गरि बालबालिकालाई खेलकुद मनोरञ्जन सांस्कृतिक कार्यक्रम लगायतका बाल सहभागीता जस्ता क्रियाकलापमा संलग्न गराईएको छ छैन ?

४)बालबालिका लाई ऐन प्रचलित कानुन कानुन तथा मापदण्ड कमोजिम सुविधा प्रदान गरिएको छ छैन,

५)बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुर्नस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्रमा कुनै अवान्छित भए गरेको छ वा छैन ।

६)उपखण्ड (५) मा उल्लेखित गृह र केन्द्रमा बालमैत्री व्यवहार तथा बाताबरण कायम गरिएको छ कि छैन ।

(७)बाल गृहमा आश्रित बालबालिका को बैकल्पिक हेरचाहको व्यवस्थाको प्राथमिकता अनुसार अन्तिम विकल्पको रुपमा बालकल्याण बाल कल्याण अधिकारीबाट व्यवस्था मिलाई राखिएको छ छैन

८) व्यवस्थापन पक्ष तथा बालबालिकाले ऐन प्रचलित कानुन वा  मापदण्ड बमोजिम पालना गर्नुपेर्ने कुराहरु पालना गरेको छ छैन ।